नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: २०७८/०२/३०

# जिल्ला प्रशासन कार्यालय ललितपुरबाट जारी निषेधाज्ञा

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०२/३१ गते राति १२.०० बजेबाट २०७८/०३/०७ गते राति १२.०० वजेसम्म लागू हुने गरी तपसिल बमोजिमको निषेध आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल

## क. संचालन गर्न नपाइने कार्यहरुः

१. **सभा सम्मेलन, व्यवसाय तथा नित्य पूजाको हकमाः**

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, स्वीमिङ पुल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालय, चिडियाखाना, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. खुल्ला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर आदि गर्न गराउन नपाइने ।

ग. फुटपाथ तथा खुल्ला ठाउँमा संचालन हुने बिभिन्न व्यापार व्यवसाय संचालन एवं कवाडी संकलन गर्न रोक लगाउने।

घ. तोकिएको स्थानमा रहने तरकारी बजार बाहेक अन्य सार्वजनिक स्थल/बाटोमा तरकारी तथा फलफूल बिक्री वितरण गर्न रोक लगाउने ।

ङ. विवाह, व्रतबन्ध तथा सामूहिक रुपमा गरिने सांस्कृतिक कार्यहरु होटल तथा पार्टी प्यालेसमा गर्न नपाउने ।

च. पुजारीबाट हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक तथा साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने।

२. **शैक्षिक संस्था तथा सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुको हकमाः**

क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र) ले भौतिक उपस्थितिमा पठन पाठन तथा परीक्षाहरु संचालन गर्न गराउन नपाउने ।

ख. अत्यावश्यक सेवा प्रदान गर्ने बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्थान र सहकारी तथा रेमिटहरु निर्धारित समय बाहेक अन्य समयमा संचालन गर्न नपाउने ।

३. **सर्वसाधारणको आवतजावत तथा व्यवसाय संचालनको हकमाः**

क. औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक कुनै पनि व्यक्ति घर वाहिर निस्कन नपाउने ।

ख. औषधि, तरकारी, फलफूल, खाद्यान्न, दुध डेरी, मासु, खानेपानी, ग्यास पसल, किराना पसल, डिपार्टमेन्टल (ग्रोसरी), पुस्तक पसल, कृषि मल, वीउ, कृषि औजार र निर्माण सामग्रीका पसल बाहेकका अन्य पसलहरु संचालन गर्न नपाउने ।

२०७८/०२/३०

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ....................................

४. सार्वजनिक तथा निजी सवारी साधनहरुको हकमा :

क. सार्वजनिक एवं निजी सवारी साधन मिति २०७८/०२/३१ गते राति १२.०० बजेबाट २०७८/०३/०७ गते राति १२.०० वजेसम्म ललितपुर जिल्लाभर संचालनमा रोक लगाउने ।

ख. अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा (२ जना) बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन वाहेक अन्य सवारी साधन ललितपुर जिल्ला भित्र प्रवेशमा रोक लगाउने ।

## ख. संचालन गर्न सकिने कार्यहरुः

१. सर्वसाधारणको आवतजावतको हकमाः

क. औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा मात्र घरबाट बाहिर निस्कन पाउने ।

ख. दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।

ग. अनिवार्य रुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने।

२. शैक्षिक संस्था, कृषि, उद्योग तथा निर्माण कार्यको हकमाः

क. शैक्षिक संस्थाहरुले अनलाइन तथा भर्चुअल माध्यमबाट पठन पाठन कार्यहरु सञ्चालन गर्न पाउने ।

ख. वैदेशिक अध्ययन तथा EDV का कारण विदेशमा जानु पर्ने व्यक्तिहरुका लागि कुटनैतिक नियोग तथा अन्य निकायबाट हुने भिसा प्रकृयाका कार्यहरु संचालन गर्ने ।

ग. नेपाल सरकारबाट जारी स्वास्थ्य मापदण्डको परिपालना गरी कुटनीतिक नियोगले आवश्यक परीक्षा तथा अन्तर्वार्ता लिने ।

घ. ट्रान्सपोर्ट कम्पनीहरुले औषधि तथा स्वास्थ्य उपकरण, अक्सिजन सिलिण्डर, कृषि मल, बीउ तथा खाद्यान्न सामग्री ढुवानी गर्दाको समयमा मात्र स्वास्थ्य मापदण्ड पालना गरी कार्यालय संचालन गर्न सक्ने ।

ङ. नेपाल सरकारबाट जारी स्वास्थ्य मापदण्डको परिपालना गरी कृषि कार्य गर्न सक्ने र सो कार्यका लागि मल, बीउ बिजन, कृषि औजारका सामग्रीहरुको सहज ढुवानी गर्न सक्ने ।

च. अत्यावश्यक उद्योग संचालन तथा निर्माण कार्यका लागि स्वास्थ्य मापदण्डको पालना गर्ने गरी कार्यस्थलमा नै आवासीय रुपमा श्रमिक कामदारहरुको व्यवस्था गरी संचालन गर्न सक्ने ।

३. औषधि तथा स्वास्थ्य सामग्री, अत्यावश्यक खाद्य सामग्री तथा अन्यको हकमाः

क. औषधि तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समयमा निर्बाध रुपमा संचालन गर्न पाइने ।

ख. तरकारी, फलफूल, खाद्यान्न, दूध डेरी, मासु, खानेपानी, ग्यास पसलहरु, किराना पसल र डिपार्टमेन्टल स्टोर (ग्रोसरी मात्र) प्रत्येक दिन बिहान ११:०० बजेसम्म मात्र खुला गर्न पाइने । तरकारी तथा फलफूलको थोक बजारमा फुटकर बिक्री वितरण नगर्ने । स्थानीय ढुवानीका हकमा राति ०९:०० बजे देखि बिहान ११:०० बजे सम्म मात्र गर्ने ।

ग. पुस्तक पसल र प्रिन्टिङ प्रेसको हकमा बिहान ११:०० बजे सम्म संचालन गर्न पाइने ।

घ. विकास निर्माणजन्य सामग्रीका पसलहरु (छड, सिमेन्ट, बिजुलीका सामान, स्यानिटरी, हार्डवेयर पसल) प्रत्येक दिन दिउँसो ४:०० बजे पछि संचालन गर्न सक्ने। ठूलो परिमाणको ढुवानी राति मात्र गर्न पाउने ।

२०७८/०२/३०

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ..................................

ङ. पसल तथा व्यवसाय संचालन गर्दा कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्ने, अनिवार्य रुपमा स्यानिटाइजर व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने । अनुगमनको क्रममा तोके बमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गर्न सकिने ।

च. अत्यावश्यक वस्तुहरुको अनलाईन तथा टेक अवे सेवा होम डेलिभरी प्रयोजनका लागि काठमाडौं उपत्यका भित्र मात्र साँझ ७:०० बजेसम्म संचालन गर्न सकिने ।

छ. सवारी साधन मर्मतका लागि वर्कशपहरु बिहान देखि बेलुका ०९:०० बजे सम्म संचालन गर्न सकिने ।

४. **विवाह तथा व्रतबन्धको हकमाः**

क. विवांह तथा व्रतबन्धको हकमा बढीमा ७ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

ख. विवाह वा व्रतबन्धको हकमा एउटा सवारी साधन (बेहुला/बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्न पाउने ।

५. **सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमाः**

क. अत्यावश्यक सेवाहरु जस्तैः एम्बुलेन्स, खानेपानी, विद्युत मर्मत सम्भार, स्वास्थ्य सम्बद्ध (औषधि, अक्सिजन सिलिण्डर), दूरसंचार, इन्टरनेट मर्मत, कार्गो, कुरियर तथा डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी संचालन गर्न पाउने।

ख. तरकारी, फलफूल, खाद्यान्न, दूध तथा दूग्धजन्य पदार्थ र सोको प्याकिङ सामग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ, भेटनरी सम्बन्धी कार्य, ईन्धन, खाना पकाउने ग्यास, सरसफाईमा प्रयोग गरिने मास्क/साबुन/स्यानिटाइजर, प्रिन्ट तथा सरकारी छापाखाना र कृषि कार्यमा प्रयोग हुने मल, वीउ लगायतका सामग्री ढुवानी गर्दा यातायातका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी राति ०९:०० बजे देखि बिहान ११:०० बजे सम्म न्यूनतम जनशक्ति प्रयोग गरी संचालन गर्न पाउने ।

ग. निर्माण सामग्री ढुवानीका लागि सवारी साधन राति ०९:०० बजे देखि बिहान ०५:०० बजे सम्म संचालन गर्न पाउने ।

घ. भन्सार विन्दुबाट Exit Note जारी भएका मालवाहक सवारी साधन तथा सम्बन्धित भन्सार प्रमुखले मालसामान छुटाउन भनी रुट खुलाई अनुमति /स्वीकृति प्रदान गरेका त्यस्ता मालसामान छुटाउने भन्सार एजेन्ट तथा कर्मचारी अनुमति /स्वीकृतिमा उल्लेख गरेको दिन र स्थानसम्म आवतजावत गर्न पाउने।

ङ. जनप्रतिनिधि, संवैधानिक निकायका पदाधिकारी तथा सचिव, माननीय न्यायाधीश, मन्त्रालयका सचिव, विभागीय प्रमुख र मन्त्रालयका सहसचिवको हकमा परिचय पत्रका आधारमा आवतजावत गर्न पाउने ।

च. सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक, अन्य सम्पूर्ण वित्तीय संस्थाहरु, बीमा कम्पनी, रेमिट, सहकारी संस्था, इन्टरनेट सेवा प्रदायक संस्था र दूरसंचार सेवा प्रदायक संस्थाका सवारी साधनको हकमा सम्बन्धित मन्त्रालयका सचिव तथा विभागीय प्रमुखले जारी गरेको पास तथा परिचय पत्रका आधारमा आवतजावत गर्ने व्यवस्था मिलाउने ।

छ. अन्तर्राष्ट्रिय उडानबाट आवतजावत गर्ने यात्रुहरुको हकमा हवाई टिकट, पासपोर्ट, भिसा हुनेहरुलाई सिधै एयरपोर्ट आवतजावतका लागि सवारी साधनको सहजीकरण गर्ने ।

ज. पत्रकार तथा सञ्चारकर्मीलाई सूचना तथा प्रसारण विभागको प्रेस पासका आधारमा आवत जावतमा सहजीकरण गर्ने। सूचना तथा प्रसारण विभागको प्रेस पास नभएका संचारकर्मी/कर्मचारीको हकमा आधिकारिक निकायमा दर्ता भएको

२०७८।०२।३०
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर
फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ....................................

सम्बन्धित संचार गृहको किटानी सिफारिशका आधारमा जिल्ला प्रशासन कार्यालयले जारी गरेको पासको आधारमा मात्र आवत जावत गर्न सकिने ।

झ. निलो प्लेटका सवारी साधनको हकमा परिचयपत्र बाहक पदाधिकारी तथा कर्मचारीलाई सवारी पास आवश्यक नपर्ने।

ञ. प्रिन्टिङ प्रेसमा काम गर्ने, सुरक्षा सम्बद्ध कर्मचारी तथा औषधि आपूर्ति गर्ने परिचय बाहक व्यक्तिको हकमा सम्बद्ध निकाय तथा आपूर्तिकर्ताको अनुमति पत्र भए सवारी पास नचाहिने। सुरक्षा गार्डहरुको हकमा परिचय पत्र र पोशाक लगाएर ड्यूटीमा आवत जावत गर्न पाउने ।

६. **बैंक तथा वित्तीय संस्था र अन्यको हकमाः**

क. नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुसार सीमित संख्यामा शाखा र कर्मचारीको व्यवस्थापन गरी वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुले बैंकिङ कारोबार गर्न सक्ने ।

ख. वीमा समिति तथा बीमा कम्पनी र धितो पत्र बोर्डले आलोपालो गरी न्यूनतम जनशक्ति (२० प्रतिशत मात्र) प्रयोग गरी कार्य संचालन गर्न सक्ने ।

ग. हप्तामा २ दिन (आइतबार र बिहीबार) खुल्ने गरी सहकारी संस्था तथा रेमिटहरु संचालन गर्न सकिने।

घ. उल्लेखित कार्यहरुको व्यवस्था मिलाई सोको विवरण नेपाल राष्ट्र बैंक र जिल्ला प्रशासन कार्यालयलाई दिने। यसको अनुगमन जिल्ला प्रशासन कार्यालयबाट हुने ।

## ग. जिल्ला प्रशासन कार्यालयबाट हुने सहजीकरणः

१. **अत्यावंश्यक कार्यको लागि सवारी आवगमनमाः**

क. मृत्यू संस्कारका लागि जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिन पेश गर्नु पर्ने कागजातको हकमा मृत्यू संस्कारका लागि जानु पर्ने वा फर्किनु पर्ने अवस्थामा मृत्यू दर्ता प्रमाणपत्र वा सम्बन्धित वडाको सिफारिश वा परिचय खुल्ने कागजातको प्रतिलिपि सहित निवेदन पेश गर्ने ।

ख. बिरामी तथा कुरुवाको हकमा ललितपुर जिल्लाभित्रका बिरामी तथा कुरुवाको अस्पतालको भर्ना कार्ड वा रिपोर्ट कार्डका आधारमा २ जनाले आवतजावत गर्न पाउने र परिवारका सदस्य वा आफन्त बिरामी भै उपत्यका बाहिर जानुपर्ने अवस्थामा बिरामीको रिपोर्ट कार्ड/भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपि सहित निवेदन पेश गर्ने ।

२. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ ।

२०७८।०२।३०
ढुण्डी प्रसाद निरौला
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी